# CHANDRAGIRI HILLS LIMITED

## आर्थिक वर्ष २०७९ /०८० को चौथो त्रैमासिक अवधिको प्रतिवेदन

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित

**अनुसूची-१४**

चन्द्रागिरि हिल्स लिमिटेडको आर्थिक वर्ष २०७९/०८० को चौथो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन :

### १. वित्तीय विवरण :-

कम्पनीको हिसाब किताबको लेखांकन अनुसार आर्थिक वर्ष २०७९/०८० (२०२२/२०२३) को २०८० बैशाख १ देखि आषाढ ३१ (अप्रिल १४, २०२३ देखि जुलाई १६ , २०२३) सम्मको आर्थिक विवरण निम्न अनुसार प्रस्तुत गरिएको छ ।

(क) आर्थिक वर्ष २०७९/०८० को चौथो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरणः-
आर्थिक बर्ष २०७९/०८० को कम्पनीको चौथो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको तुलनात्मक वित्तिय विवरण अनुसूचि १ मा प्रस्तुत गरिएको छ ।
चौथो त्रैमासिक समीक्षा अवधिमा सम्बन्धित पक्षहरु बीच कम्पनीको नियमित व्यवसायिक कारोबार बाहेक अन्य कुनै कारोबार नभएको ।

(ख) कम्पनीको चौथो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको वित्तिय विवरणका प्रमुख वित्तीय अनुपात :-

| विवरण | यस आ.व.को चौथो त्रैमासिक अवधि (आषाढ ३१, २०८० को अन्त्यमा) | यस आ.व.को तेश्रो त्रैमासिक अवधि (चैत्र ३०, २०७९ को अन्त्यमा) | गत आ.व. चौथो त्रैमासिक अवधि (आषाढ ३२, २०७९ को अन्त्यमा) |
|---|---|---|---|
| ऋण पूँजीको अनुपात | १.७६ | १.८४ | २.०८ |
| शेयरधनीको शेयर पूँजी कोषको प्रतिफल | ०.१२ | ०.०६ | ०.०४ |
| प्रति शेयर आम्दानी (रु) | ९.८५ | ५.०७ | १.१० |
| प्रति शेयर नेटवर्थ (रु) | ८४.७२ | ७९.९३ | ७४.२२ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु) | २४६.६३ | २३८.१० | २३९.१२ |
| प्रति शेयर बजार मूल्य (रु १००/-प्रति शेयर) (रु) | १२८० | ११५१.१० | १०४९.९ |
| प्राईस अर्निङ रेसियो (टाईम्स ) | २४६.६३ | २२७.१७ | ९५५.११ |
| चालु अनुपात | २.८३ | ३.२८ | २.८५ |

### २. व्यवस्थापकीय विश्लेषण :-

(क) आर्थिक वर्ष २०७९/०८० को आषाढ महिनाको तथ्यांङकका आधारमा बाह्य तथा आन्तरीक पर्यटकहरुको आगमनमा उल्लेख्य सुधार भएको छ । साथै गत आर्थिक वर्ष २०७८।७९ को तुलनामा कम्पनीको कुल आम्दानीमा ३६.५४ प्रतिशत र करपछिको नाफा करिव ७९६ प्रतिशतले बृद्धि भएको छ ।

(ख) नेपाल पर्यटन बोर्डबाट जारी गरिएको सूचकांक अनुसार वर्ष २०२३ को पहिलो छ महिनामा औषत पर्यटक आगमन संख्या प्रति महिना ७९ हजार नाघेको देखिन्छ । यस तथ्यांकबाट समेत हामी केहि उत्साहित हुने अवस्थाको सिर्जना भएको छ । बाह्य पर्यटकहरुको आगमनबाट नेपालमा विदेशी मुद्राको कारोवारमा बृद्धि हुनका साथै समग्र अर्थतन्त्र र कम्पनीको आयमा समेत सकारात्मक प्रभाव परेको दखिन्छ ।

(ग) कोभिड पछि सिर्जित आर्थिक मन्दीको प्रभाव स्वरुप आम नागरिकको क्रय शक्तिमा केहि क्षय हुन गएको छ । यसको प्रत्यक्ष असर एकिकृत पर्यटकिय गन्तव्यको यस कम्पनीको भ्रमणमा आएका पर्यटकहरुको खर्च गर्ने व्यवहार तथा प्रवित्ति बाट समेत झल्किन्छ । तथापी समिक्षा अवधीमा विशेषत भारतिय पर्यटकहरुको संख्यामा भएको बृद्धिले केहि हौसला प्रदान गरेको छ । हालको मन्दीको असर

आउने दिनमा केहि कम हुदैं जाने र यस पश्चातको अर्थतन्त्रको सुधारले कम्पनीको आयमा समेत अपेक्षाकृत बृद्धि भई समग्रमा सकारात्मक माहोल सिर्जना हुनेमा कम्पनी विश्वस्त रहेको छ ।

(घ) हालको प्रतिस्पर्धी पर्यटन बजारमा यस चन्द्रागिरि हिल्स लिमिटेडको अद्बितीय प्राकृतिक वातावरण तथा उपलब्ध पर्यटकिय उपजहरुको समुचित उपयोग गरि ग्राहक केन्द्रित उत्कृष्ट सेवा प्रदान, अनावश्यक खर्च कटौती एवं नियन्त्रण गर्दै कम्पनीको आम्दानीमा उल्लेख्य सुधार गरी नाफामा उल्लेख्य सुधार गर्ने रणनीतिमा रहेको छ । यसका लागि संचालकहरुसंगको छलफल पश्चात कम्पनीका शेयरधनीहरुका लागि विशेष छुट सहितको प्याकेज संचालन, प्रत्येक शुक्रवार तथा सोमवार संध्याकालीन केवलकार टिकटमा विशेष छुट सहित सेवा दिने नयाँ योजनाहरु शुरुवात भईसकेको र आगामी दिनमा समेत नयाँ नयाँ योजना तथा प्याकेज बनाई उपलब्ध गराउने योजना रहेको छ ।

(ङ) सहवित्तियकरण कर्जा एवम् चालु पूँजीको साँवा ब्याज तोकिएको समयमा भुक्तानी गरिदै आएको छ ।

## ३. कानुनी कारबाही सम्बन्धी विवरण :-

(क) आर्थिक वर्ष २०७९/०८० को चौथो त्रैमासिक अवधिमा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ख) आर्थिक वर्ष २०७९/०८० को चौथो त्रैमासिक अवधिमा कम्पनीका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) आर्थिक वर्ष २०७९/०८० को चौथो त्रैमासिक अवधि सम्ममा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

## ४.संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :-

(क) शेयरको कारोवारमा हुने उतार चढाव खुल्ला बजारले निर्धारण गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेको छ । शेयरको कारोवार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) कम्पनीको आर्थिक वर्ष २०७९/०८० को चौथो त्रैमासिक अवधिमा प्रति शेयर रु १००/का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या देहाय बमोजिम रहेको छ :-

| चौथो त्रैमासिक (२०८० आषाढ ३१ (तदनुसार जुलाई १६, २०२३ सम्म) | शेयर कारोबार-मुल्य (रु) | | | कुल शेयरको कारोबार-दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार संख्या | कुल कारोबार शेयर संख्या |
| | १,३५० | १,००८ | १,२८० | ६२ | ६,२६९ | ३३७,६६६ |

## ५. समस्या तथा चुनौती :-

### (क) समस्या तथा चुनौतीहरु :

**(अ) आन्तरिक**

१.यस कम्पनीमा आन्तरिक समस्या नरहेको ।

**(आ) वाह्य**

१. यस समिक्षा अवधि सम्ममा पनि रुस र यूक्रेन बीचको युद्ध केही मत्थर देखिएता पनि यसबाट अन्तर्राष्ट्रिय स्तरमा देखा परेको आर्थिक मन्दीको प्रभाव नेपालमा पनि परेको ।

२.सुस्त गतिमा भएको पर्यटकिय पूर्वाधारको विकासको कारण आन्तरिक तथा बाह्य पर्यटकको गतिविधिमा विस्तार हुन नसक्नु ।

३. अस्थिर राष्ट्रिय नीति नियमका कारण पर्या-पर्यटकीय क्षेत्रमा पर्ने प्रभाव ।

४.विश्वव्यापी रुपमा भएको मूल्य बृद्धी र यसले नेपालमा पारेको प्रभाव, देशको आर्थिक र राजनैतिक अवस्था र विभिन्न यात्र निर्देशनबाट पर्ने प्रभाव ।

५. आकास्मिक रुपमा आईपर्ने असहज परिस्थिति, सरकारको आर्थिक नीतिमा हुने परिवर्तन ।

६. विदेशी विनियम दरमा आउने परिवर्तन ।

**(ख) रणनीति :**

क कम्पनीप्रति आम जनमानसबाट प्राप्त सकारात्मक सोच, कम्पनीको व्यवस्थापनको कार्यकुशलता र समय सापेक्ष अपनाईएका विभिन्न रणनीतिको परिणामस्वरुप स्वदेश तथा विदेशवाट भ्रमणमा आउने पर्यटकहरुको अघिल्लो समिक्षा अवधिको तुलनामा यस समिक्षा अवधिमा बृद्धि हुनुका साथै रिसोर्टमा बास बस्ने र विभिन्न गोष्ठि, सेमिनार संचालन गर्न आउने व्यक्ति तथा संघसस्थाको संख्यामा बृद्धि भएको छ ।

ख) कम्पनीमा उपलब्ध सबै संयन्त्र र संरचनाको समुचित उपयोग, संचालन खर्चमा मितव्ययीता सहित अन्य अनावश्यक खर्चहरुलाई कटौती गरी कम्पनीको आम्दानीमा बृद्धि हुने गरी बजार व्यवस्थापन गर्ने तर्फ उच्च प्राथमिकता दिईएको छ ।

ग) चन्द्रागिरि हिल्समा आउने पर्यटकहरुको भ्रमणलाई थप आकर्षक तथा उत्प्रेरित गर्नका लागि कम्पनीको तर्फबाट विषेश प्रकारको सदस्यता प्रदान गर्ने कार्यक्रम तथा कम्पनीका शेयर सदस्यहरुकालागि विषेश छुट सहितको नयाँ योजना लागु गरिएको छ ।

**६. संस्थागत सुशासन :-**

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्धारा चालिएका कदम संम्बन्धी विवरण:

(क) कम्पनीको लेखापरीक्षण उपसमितिले लेखापरीक्षक छनौट, लेखापरीक्षण गराउने र लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको अध्ययन गरि कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त राख्नको लागि व्यवस्थापनलाई निर्देशन समेत दिने गरेको छ ।

(ख)कम्पनीको आन्तरिक लेखापरीक्षण स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गरिन्छ ,आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समिति समक्ष पेश गर्ने गरी सो माथी विस्तृत छलफल हुने गरेको ।

(ग) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र निर्देशनहरुको पूर्ण परिपालना सहित अन्य प्रचलित ऐन तथा कानुन बमोजिम पुरा गर्नु पर्ने मापदण्डहरुको पूर्ण पालना गर्दछ ।

**७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य,तथ्य,र पूर्ण छन र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाइएको छैन ।

अनुसुची १

**Chandragiri Hills Limited**
**Kathmandu, Nepal**

**STATEMENT OF UNAUDITED FINANCIAL RESULTS**
**As on Ashad 31, 2080 BS (16th July 2023)**

| Particulars | Upto this Quarter ending on Ashad 31, 2080 BS (16th July 2023) (Unaudited) | Upto previous Quarter ending on Chaitra 30 2079 BS (13th Apr 2023) (Unaudited) | Corresponding Previous Year Quarter ending on Ashad 32 2079 BS (16th July 2022) (Audited) |
|---|---|---|---|
| **ASSET** | | | |
| **Non-Current Asset** | | | |
| (a) Fixed Asset | | | |
| (i) Property, Plant and Equipment | 3,013,413,378 | 2,989,583,215 | 3,055,084,752 |
| (ii) Intangible Asset | 4,560,462 | 4,239,028 | 3,447,746 |
| (iiI) Capital Work in Progress | - | - | |
| (iv) Right of Use of Asset | 46,690,605 | 46,690,605 | 44,862,239 |
| (b) Long term Investment | 315,700,000 | 315,700,000 | 258,100,000 |
| Deferred tax asset | | | |
| **Total of Non- Current Asset** | **3,380,364,445** | **3,356,212,848** | **3,361,494,737** |
| **Current Assets** | | | |
| (a) Inventories | 41,380,134 | 42,483,231 | 21,967,514 |
| (b) Account Receivables | 23,711,979 | 31,665,657 | 20,897,987 |
| (c) Cash & Cash Equivalent | 250,717,144 | 90,667,986 | 89,126,551 |
| (d) Loans & Advances | 61,826,219 | 109,160,354 | 140,470,916 |
| (e) Other Current Assets | 25,578,684 | 22,497,268 | 34,357,545 |
| **Total of Current Asset** | **403,214,160** | **296,474,497** | **306,820,512** |
| **Total Asset** | **3,783,578,605** | **3,652,687,344** | **3,668,315,249** |
| **EQUITY & LIABILITIES** | | | |
| **Equity, Reserve and Surplus** | | | |
| (a) Share Capital | 1,534,091,000 | 1,534,091,000 | 1,534,091,000 |
| (b) Calls In Advance | | | |
| (b) Reserve and Surplus | (234,471,546) | (307,898,385) | (395,546,393) |
| **Total Equity, Reserve and Surplus** | **1,299,619,454** | **1,226,192,615** | **1,138,544,607** |
| **Non- Current Liabilities** | | | |
| (a) Long-term borrowings | 2,284,901,871 | 2,279,513,032 | 2,363,512,949 |
| (b) Deferred Tax Liabilites | 9,912,329 | 9,912,329 | 9,912,329 |
| (c ) Lease Liability | 46,690,605 | 46,690,605 | 48,869,665 |
| **Total of Non-Current Liabilities** | **2,341,504,805** | **2,336,115,966** | **2,422,294,943** |
| **Current Liabilities** | | | |
| (a) Duties & Taxes | 4,880,595 | 6,420,455 | 1,808,704 |
| (b) Account payable | 32,316,597 | 31,952,579 | 37,145,649 |
| (c) Other Current Liabilities | 105,257,155 | 52,005,730 | 68,521,346 |
| **Total of Current Liabilities** | **142,454,346** | **90,378,764** | **107,475,699** |
| **Total Equity and Liabilities** | **3,783,578,605** | **3,652,687,344** | **3,668,315,249** |

**Chandragiri Hills Limited**
**Thankot, Kathmandu**

**Statement of Profit & Loss for the period ended on Ashad 31, 2080 BS (16th July 2023)**

| **Particulars** | **Upto this Quarter ending on Ashad 31, 2080 BS (16th July 2023) (Unaudited)** | **Upto previous Quarter ending on Chaitra 30 2079 BS (13th Apr 2023) (Unaudited)** | **Corresponding Previous Year Quarter ending on Ashad 32 2079 BS (16th July 2022) (Audited)** |
|---|---|---|---|
| Revenue from Operation | 913,417,985 | 629,022,363 | 668,978,437 |
| Cost of sales | 120,817,970 | 83,157,227 | 104,931,039 |
| **Gross Income** | **792,600,015** | **545,865,136** | **564,047,399** |
| Other Income | 9,790,261 | 4,409,626 | 16,140,971 |
| **Expenses** | | | |
| Employee Benefits Expenses | 132,113,360 | 90,978,837 | 95,103,406 |
| Administrative and Other Expenses | 121,160,185 | 84,815,901 | 100,842,612 |
| **Total Expenses** | **253,273,545** | **175,794,738** | **195,946,018** |
| **Profit Before Interest, Depreciation and Tax** | **549,116,731** | **374,480,024** | **384,242,352** |
| Finance costs | 274,108,759 | 206,688,469 | 229,560,832 |
| **Profit Before Depreciation and Tax** | **275,007,972** | **167,791,555** | **154,681,520** |
| Depreciation and Amortization Expenses | 123,845,455 | 90,055,877 | 123,905,796 |
| **Profit before extra ordinary items and taxes** | **151,162,517** | **77,735,678** | **30,775,724** |
| Extra ordinary item | | | |
| **Profit before taxes** | | | |
| Tax Expenses | | | |
| Current Tax | | | |
| Deferred Tax (Income)/Expenses | | | 13,912,383 |
| **Profit (Loss) for the period from continuing operations** | **151,162,517** | **77,735,678** | **16,863,341** |
| Profit /(Loss) from dis-continuing operations | | | |
| Tax expenses of dis-continuing operations | | | |
| **Profit (Loss) for the period from dis-continuing operations** | | | |
| **Profit/(Loss) for the period** | **151,162,517** | **77,735,678** | **16,863,341** |
| Earning per equity share: | | | |
| Basic Earning per share | 9.85 | 5.07 | 1.10 |
| Diluted Earning per share | 9.85 | 5.07 | 1.10 |